# नेपाल पत्रकार महासंघ निर्वाचन आचार संहिता, २०७४

**प्रस्तावना :** नेपाल पत्रकार महासंघको निर्वाचनलाई स्वच्छ, निष्पक्ष एवं विधिसम्मत रुपमा सम्पन्न गर्न उम्मेदवार, मतदाता र सम्बन्धित सबैको आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएको हुँदा नेपाल पत्रकार महासंघको विधान बमोजिम गठित केन्द्रीय निर्वाचन समिति, २०७४ को मितिः २०७४ भाद्र २ गतेको बैठकबाट यो नेपाल पत्रकार महासंघ निर्वाचन आचार संहिता, २०७४ जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आचार संहिताको नाम "नेपाल पत्रकार महासंघ निर्वाचन आचार संहिता, २०७४ रहेको छ ।

(२) यो आचार संहिता नेपाल पत्रकार महासंघका केन्द्रीय पदाधिकारी, सदस्य, लेखा समिती संयोजक तथा सदस्य, केन्द्रीय सभासद, उम्मेदवारहरु र सम्बन्धित सबैको हकमा लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,-

(क) "समिति" भन्नाले नेपाल पत्रकार महासंघको विधान बमोजिम गठित केन्द्रीय निर्वाचन समिति-२०७४ लाई जनाउने छ ।

(ख) "निर्वाचन" भन्नाले नेपाल पत्रकार महासंघको २५ औ महाधिवेसनको निर्वाचनलाई जनाउने छ ।

(ग) "महासंघ" भन्नाले नेपाल पत्रकार महासंघलाई जनाउने छ ।

३. **आचार संहिता लागू हुने :** यो आचार संहिता नेपाल पत्रकार महासंघका वहालवाला केन्द्रीय पदाधिकारी, सदस्य, लेखा समिती संयोजक तथा सदस्य, केन्द्रीय सभासद, उम्मेदवारहरु लगायत सम्बन्धित सबैमा लागु हुनेछ ।

४. **निर्वाचन प्रचार प्रसार :** मतदान प्रक्रिया शुरु भए पछि महाधिवेशन स्थल नेपाल प्रज्ञा प्रतिष्ठानको परिसर भित्र प्रचार प्रसार गर्न, नारा जुलुस गर्न, भाषण गर्न, पोष्टर टाँस्न, पर्चा पम्पेल वितरण गर्न पाइने छैन ।

५. **मतदान केन्द्रमा प्रवेश :** निर्वाचन समितिले जारी गरेको परिचयपत्र वा मतदाता परिचयपत्र वा महासंघले जारी गरेको परिचयपत्र भएका व्यक्तिले मात्र मतदान केन्द्रमा प्रवेश पाउनेछन् ।

६. **मतगणना स्थलमा प्रवेश :** मतगणना स्थलमा निर्वाचन समितिले तोके बमोजिमका व्यक्ति बाहेक अन्यलाई प्रवेश दिइने छैन ।

७. **मतदान स्थलः** मतदान स्थलमा क्यामरा र मोवाइल फोन लिएर जान पाइने छैन

८. **आचार संहिताको पालना** : यस आचार संहिताको पूर्ण रुपमा पालना गरी निर्वाचन सम्पन्न गर्न सहयोग पुर्‍याउनु प्रत्येक उम्मेद्वार, मतदाता र सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

९. निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विधिसम्मत रुपमा सम्पन्न गर्न आवश्यक पर्ने थप आचार संहिता निर्वाचन समितीको निर्णय अनुसार जारी गर्न सकिनेछ ।

१०. **निर्वाचन आचार संहिता, २०७४ लागु हुने** : यो निर्वाचन आचार संहिता मिति: २०७४ भाद्र ३ गते देखि निर्वाचन एवं मतगणना कार्य सम्पन्न नहुँदासम्म लागु हुनेछ । यो आचार संहितामा उल्लेख भएका कुरामा यसै बमोजिम र उल्लेख नभएका कुराको हकमा नेपाल पत्रकार महासंघ केन्द्रीय निर्वाचन समिति द्वारा जारी निर्वाचन कार्यविधि निर्देशिका, २०७४ बमोजिम हुनेछ ।

११. **निर्वाचन समितिको निर्णय अन्तिम हुने** : आचार संहिता उपर कुनै विवाद भए निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।